# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग २५ गते २०३० साल

श्री ५ को सरकार

प्रशासन व्यवस्था विभागको

सूचना

श्री ५ को सरकारले मिति २०३०।५।१४ को निर्णय अनुसार खाद्य कृषि मन्त्रालयका सचिव श्री सुरेन्द्रराज शर्मालाई निजामती सेवा नियमावली, २०२१ को १०.१ (६) बमोजिम भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरेको छ ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

प्रशासन व्यवस्था विभागको

सूचना

विकासका कर्मचारीलाई साधारणतर्फ ल्याउने सिलसिलामा श्री ५ को सरकारले मिति २०३०।५।३ को निर्णय अनुसार श्री कृष्णमान प्रधानलाई नेपाल प्रशासन सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा नियुक्ति गरी जल तथा विद्युत् मन्त्रालयको शाखा अधिकृत पदमा पदस्थापन गरेको छ ।

आज्ञाले–
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।